# बीमा / पेन्सन

## १ राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रम

जापानिज स्वास्थ्य बीमा कार्यक्रम , बहुसहयोग प्रणाली मानिएको यो प्रणाली यसरी तयार गरिएको छ जहाँ सबै बिरामी र घाईतेले धान्न सक्ने स्वास्थ्य केयर प्रदान गरिन्छ जस्को लागि सबैले प्रीमियम तिरेका हुन्छन । सबै जापानिज र विदेशी वासिन्दा समेत राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रममा भाग लिन अनिवार्य छ ।

### (१) योग्यता :

नि‍म्नि दिईएका अवस्थामा पर्ने ब्यक्तिहरुले राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रममा भर्ना हुनपर्ने छ ।

- ○ ओता वार्डमा बसोबास गरिरहेका र बसोबास दर्ता गरेका ब्यक्तिहरु ।
- ○ अन्य कुनै सार्वजनिक स्वास्थ्य बीमा दर्ता नभएका वासिन्दाहरु ।
- ○ आर्थिक सहयोग प्रदान नगरिएका वासिन्दाहरु ।
- ○ ब्रिद्ध नागरिक स्वास्थ्य बीमा कार्यक्रमको लागि योग्य नभएका वासिनदाहरु ।

### (२) राष्ट्रिय स्वास्थ्य बिमाका लागि निवेदन

【सोधपुछ】 राष्ट्रिय स्वास्थ्य बीमा योग्यता साखा, राष्ट्रिय स्वास्थ्य बीमा र राष्ट्रिय पेन्सन डिभिजन ☎03-5744-1210

योग्य ब्यक्तिको लागि , राष्ट्रिय स्वास्थ्य बीमा योग्यता साखा अथवा शहर साखा कार्यालय (प१२) योग्यता प्राप्त गरेको १४ दिन भित्र राष्ट्रिय स्वास्थ्य बिमामा भर्ना हुनका लागि कृपया आवश्यक प्रकृया पुरागर्नु होला । आवश्यक कागजातमा आफ्नो निवेदकको सँख्या र घर कोमुख्य ब्यक्तीको साथमा निवेदक समुहको परिचयपत्र पर्छन । विस्त्रित जानकारीको लागि कृपया संपर्क गर्नुहोला ।
आफ्नो र सम्पूर्ण परिवारका सदस्यको घर को प्रमुख ब्यक्तिले अनिवार्य निवेदन प्रकृया पुरागर्नु पर्नेछ । बिमाको किस्ता कार्यक्रमको लागि दर्ता निवेदन दिएको महिना बाट नभई तपाईको कार्यक्रमको लागि योग्यता प्रमाणीत भएको महिनाबाट तिर्नुपर्ने छ ।

※कृपया ध्यान दिनुहोला : यदी दर्ता गर्ने प्रकृयामा ढिलाई भएमा र उक्त समयमा आकस्मिक
उपचार गर्नु परेमा आपतकालिन ईमरजेन्सी स्थीती बाहेक अरु सम्पूर्ण उपक्षरको खर्च स्वयमले बेहोर्नु पर्नेछ र बीमाको प्रीमियम पनि पछी तिर्नु पर्नेछ।

प्रक्रियाको सुची

| प्रक्रिया | अवसरहरु |
|---|---|
| भर्ना | जब तपाईंले ओता वार्डमा निवासी दर्ता पुरा गर्नु हुनेछ । |
| | जब तपाई आफ्नो कर्मचारी स्वास्थ्य कार्यक्रम त्यागनु हुनेछ । |
| | जब तपाईको बच्चा जन्मिन्छ । |
| | जब तपाईं सार्वजनिक आर्थिक सहयोग प्राप्त गर्नको लागि |
| फिर्ता लिने | अयोग्य हुनु हुनेछ । जब तपाईं ओता वार्ड वा जापान बाट बाहिर जानुहुन्छ । |
| | जब तपाईं कर्मचारी स्वास्थ्य बीमा कार्यक्रममा भर्ना हुनु हुन्छ । |
| | बीमा गरेको ब्यक्तिको निधन भएमा । |
| | जब तपाईं सार्वजनिक वित्तीय सहायता प्राप्त गर्न सुरु गर्नुहुन्छ । |
| अन्य | यदी राष्ट्रिय स्वास्थ्य बीमा प्रमाण पत्रमा तपाईंको नाम (उपनाम सहीत) परिवर्तन भएमा । |
| | र को प्रमुख सदस्य परिवर्तन भएमा |
| | परिवारको मिलन वा छुट्टीनाले परिवारको जानकारीमा परिवर्तन आएमा । |
| | ओता वार्ड भित्र बसाई सर्नु भएमा । |
| | भिसाको प्रकृतिमा वा बसाईको समयमा परिवर्तन भएमा |
| | राष्ट्रिय स्वास्थ्य बीमा प्रमाण पत्र हराएकाले वा अन्य कारणले पुन: जारी गर्नु परेमा । |
| | ओता वार्ड बाट तालिमको लागि बाहिर जानु परेमा र बीमा प्रमाण पत्र चाहिएमा । |

## (३) राष्ट्रिय स्वास्थ्य बीमाका फाईदाहरु:

【सोधपुछ】 राष्ट्रिय स्वास्थ्य बीमा लाभ साखा, राष्ट्रिय स्वास्थ्य बीमा र राष्ट्रिय पेन्सन डिभिजन ☎03-5744-1211

- अस्पातलमा वा क्लीनिक मा स्वास्थ उपचार लिदा अथवा कुनै बिरामी वा चोट- पटकको कारणले अस्पातल भर्ना हुँदा राष्ट्रिय स्वास्थ्य बीमा प्रमाण पत्र अगाडिनै बुझाउने गर्नुहोला ।
- जब आकस्मिक कारण जस्तै तत्कालै उपचार गराउनु पर्ने बिरामीका कारणले स्वास्थ्य संस्थामा बीमाको प्रमाण नदिईकन उपचार लिएमा ।
- विदेश घुमाघामको क्रममा स्वास्थ्य जाँच गर्नु परेमा।( स्वास्थ्य उपक्षरको लागि गएको विदेश बाहेक )

- कोर्सेट जस्ता  हाड जोर्निका सपोर्ट अथवा जोड्ने वस्तु /औजारहरु किन्दा
- जब डाक्टरले उपचारको लागी मालिस,एक्यूपंक्चर अथवा अन्य परम्परागत उपचारको आवस्यकता परेको निस्चित गरेमा ।
- हाडजोर्नी को क्लिनिक वा डाक्टरलाई भेट्दा
- जब गम्भिर दुर्घटनाका करणले तुरुन्तै बिरामीलाई अस्पातल लैजानु परेमा ( यात्रा खर्च)
- जब स्वास्थ्य सँस्थाको काउन्टरमा तिर्ने रकम तोकिएको रकम  भन्दा  नाघेमा
- रकमको सीमा तोकिएको अथवा सामान्यतया तिर्नु पर्ने रकम मा छुटको प्रमाण पत्र जारी गरेमा
- निस्चित समयकालागी अस्पातलमा भर्ना भएका ब्यक्तिका लागि खाना
- अत्यधिक खर्चालु मेडिकल खर्चको नियम अन्तर्गतका ब्यक्तिको स्वास्थ्य खर्चको रकम तिर्दा ।
- लामो समय सम्म चाहिने चिकित्सा सेवाको खर्च ।
- हेमोफिलिया अथवा मिर्गौला रोगी जस्ता रक्तदान लिने क्रममा HIV संक्रमण भइ  उपचार गर्नु परेमा।
- एक मुस्ट गर्ववती सहुलियत ।
- दाहसंस्कार खर्च ।
- क्षयरोग र मानसिक उपचार खर्चमा आर्थिक सहायता  ।
- सडक दुर्घटना वा चोट-पटक लागेमा
- प्राक्रीतिक प्रकोप वा अन्य उस्तै कारण ले मेडिकल फिस तिर्न सम्भव नभएमा ।

※ मेडिकल खर्च महँगो भएमा तोकिएको रकम भन्दा बढी खर्छ हुने भएमा बढी खर्च हुने प्रमाण पत्र अस्पातलमा पेश गरेमा अस्पातलले तिर्नु पर्ने रकम(प्रति महिना , प्रति सुबिधा, भर्ना नभएका र भर्ना भएका बिरामीलाई   फरक फरक मेडिकल र डेन्टल रकम ) घटाइ दिनेछ । अग्रिम निवेदन दिनुहोला ।

※अर्थोसिसको लागि मेडिकल फिस , महंगो उपचार फिस , एक मुस्ट गर्ववती सहयोग , दाहसंस्कार खर्च आदी निवेदनद्वारा प्रदान गरिने छ ।

※ध्यान दिनुहोस: कुनै केसहरुमा : राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रमले सडक दुर्घटनामा वा काम गर्ने ठाँउमा कारण वस  कुनै प्रकारका चोट-पटक / बिरामी परेमा राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रमले खर्च ब्योहोरने छैन । विस्त्रित जानकारीको लागि संपर्क गर्नुहोला ।

## (४) राष्ट्रिय स्वास्थ्य बीमा प्रीमियमहरु

【सोधपुछ】राष्ट्रिय स्वास्थ्य बीमा योग्यता साखा, राष्ट्रिय स्वास्थ्य बीमा र राष्ट्रिय पेन्सन डिभिजन ☎03-5744-1210

राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रमका सदस्यहरु सँग फाईदा प्राप्त गर्ने र सही समयमा प्रीमियम बुझाउने जिम्मेवारीको अधीकार प्राप्त हुन्छ । यो कार्यक्रम संचालन गर्नका लागी प्रीमियमा भुक्तानी महत्वोपूर्ण श्रोत भएकाले कृपया सम्झेर आफ्नो प्रीमियमा समयमा बुझाई दिनुहोला । उपचार खर्चको केही अंश , जेष्ठ नागरिक सहयोगको केही भाग र नर्सिङ केयर बीमाको केही भागको जम्मा रकमको जोड नै वार्षिक प्रीमियम हो । बीमा भएका ४० देखी ६४ बर्ष सम्मका ब्यक्तिले मात्र गर्ने )

प्रतेक भाग आय श्रोतमा निर्धारित रकम (आय कर)  र प्रति  ब्यक्ती आय (निम्न दर कम ) को जोड गरी निर्धारण गरिन्छ । प्रीमियम ठीक तरिकाले हिसाब गरिएको छ/छैन भन्ने ढुक्क हुनका लागि प्रतेक परिवारअका सदस्यले आयकर रिपोर्ट गर्नु आवश्यक छ । प्रती -परिवारको आधारमा बीमा प्रीमियमको हिसाब गरिन्छ र घरको  मुख्य सदस्यले अन्य सबै सदस्यको प्रीमियम बुझाउनु पर्छ । प्रीमियम स्टेटमेन्ट प्रतेक घरका  मुख्य सदस्यलाई पठाइन्छ ।

## (५) प्रीमियम भुक्तानी प्रकृयाहरु :

【सोधपुछ】राष्ट्रिय स्वास्थ्य बीमा प्रीमियम संग्रह साखा, राष्ट्रिय स्वास्थ्य बीमा र राष्ट्रिय पेन्सन डिभिजन ☎03-5744-1209

परिवारको मुख्य सदस्य ले सम्पूर्ण सदस्यको स्वास्थ्य बीमा प्रीमियम बुझाईन्छ । भुक्तानी गर्ने २ प्रकृयाहरु छन।

○ बैंकद्वारा स्वतह डेबिट ट्रान्सफर :

यो प्रकृया अन्तर्गत , प्रीमियमा बुझाईसक्नु पर्ने म्याद भित्र स्वतह तपाईंको वित्तिय खाताबाट स्वतह पैसा काटिने छ

निवेदन दिन चाहिने कागजातहरु :

(१) बैंकद्वारा स्वतह डेबिट ट्रान्सफरको फारम , पास बुक र सील लिएर आफ्नो बचत खाता भएको वित्तिय संस्थामा जानुहोस ।

(२) पास बुक र सील लिएर राष्ट्रिय स्वास्थ्य बीमा र राष्ट्रिय पेंशन डिभिजनमा जानुहोस।

○ प्रीमियम भुक्तानी रसिदद्वारा गरिने भुक्तानी प्रकृया :

सिटी हल द्वारा प्राप्त गरेको भुक्तानी फारम प्रयोग गरी अन्तिमा म्याद भित्रै आफ्नो भुक्तानी कुनै वित्तिय संस्था ( बैंक, बाचात संस्था , क्रेडिट युनियन , कृषि सहकारी , हुलाक बैंक) कोन्भिनी , मोबाइल भुक्तानी, मोबाइल क्रेडिट, नगदबिना भुक्तानी , साखा कार्यालय (प१७) वा सीटी हलमा गर्नु होला ।



"राष्ट्रिय स्वास्थ्य बीमा"-को बारेमा विस्तृत जानकारीको लागि तलको जानकारी पनि सँगै हेर्नुहोला।

"ओता शहर राष्ट्रिय स्वास्थ्य बिमा गाइडबुक"
भाषा: जापानी, अङ्ग्रेजी
मुख्य वितरण स्थान: राष्ट्रिय स्वास्थ्य बीमा र राष्ट्रिय पेन्सन डिभिजन काउन्टर, प्रत्येक साखा कार्यालय
प्रकाशन: ओता शहर, वासिन्दा मामला विभाग, राष्ट्रिय स्वास्थ्य बीमा र राष्ट्रिय पेन्सन डिभिजन

## (६) ७० बर्ष वा सो भन्दा बढी वा र ७५ बर्ष भन्दा कम उमेरका ब्यक्ती हरुले मेडिकल केयर (जेष्ठ सदस्य प्रमाणपत्र)

【सोधपुछ】राष्ट्रिय स्वास्थ्य बीमा योग्यता साखा, राष्ट्रिय स्वास्थ्य बीमा र राष्ट्रिय पेन्सन डिभिजन ☎03-5744-1210

७० वर्षदेखि ७४ वर्षको उमेरका व्यक्तिहरूलाई "राष्ट्रिय स्वास्थ्य बिमा जेष्ठ सदस्य प्रमाणपत्र" जारी गरिनेछ। यो चिकित्सा प्रमाणपत्र ७० वर्षको जन्मदिनको अर्को महिनाको १ तारिख (१ तारिखमा जन्मेको व्यक्तिको लागि त्यही महिनाको १ तारिख) देखि ७५ वर्ष नहोउन्जेलसम्म राष्ट्रिय बिमा कार्डसँग पेस गरेर प्रयोग गरिनेछ। आफैले तिर्नुपर्ने चिकित्सा खर्चको अनुपात निजको आयस्रोतमा आधारित भएर तोकिएको छ।

उपचारको लागि अस्पताल वा क्लिनिक गएको वा भर्ना भएको बेलामा "राष्ट्रिय स्वास्थ्य बिमा जेष्ठ सदस्य प्रमाणपत्र" र "राष्ट्रिय बिमा कार्ड" दुइटै पेस गर्नुहोला।

## २ पेन्सन प्रणाली:

### (१) जापान को पेंशन प्रणाली (राष्ट्रिय पेंशन प्लान )

ब्रिद्‌ध , असक्त र शोकाकुल परिवार लाई सहयोग गर्नका लागि सरकार द्‌वार संचालित पेंशन प्लान हो । २० देखी ५९ बर्षभित्र का सम्पूर्ण जापानी नागरिक तथा वासिन्दा दर्ता गरिएका ब्यक्तिहरु राष्ट्रिय पेन्सन प्लान लिन का लागि कानुनी रूपमा वाध्य छन ।

३ प्रकारका बीमा गराइन्छ :

- ◯ प्रकार १ बीमा : स्वोरोजगार, विद्‌यार्थी ,बेरोजगार , पार्ट- टाईम वर्कर
- ◯ प्रकार २ बीमा : कर्मचारी पेन्सन अन्तर्गत बीमा गरिएको
- ◯ प्रकार ३ बीमा: टाइप २ बीमा गरिएका ब्यक्तिहरुमा आश्रित श्रीमान /श्रीमती

#### (१) भर्ना गर्ने प्रकृयाहरु:

【सोधपुछ】 राष्ट्रिय पेन्सन साखा, राष्ट्रिय स्वास्थ्य बीमा र राष्ट्रिय पेन्सन डिभिजन ☎03-5744-1214
जापान पेन्सन सेवा ओता पेन्सन कार्यालय राष्ट्रिय पेन्सन विभाग ☎03-3733-4141

पेन्सनको लागि भर्ना निवेदन दिन निवासी दर्ता गरेको नगरपालिका (ओता वार्ड)को अथवा पेन्सन कार्यालयको काउन्टरमा जानुहोस्। जापानको कम्पनीका श्रमिकले कल्याण पेन्सनमा सामेल हुनु पर्ने भए पनि त्यसको भर्ना प्रक्रिया चाहिँ तपाईंको कम्पनीले नै गर्ने भएकोले वार्ड कार्यालयमा तपाईंले भर्नाको लागि केही गर्नु पर्दैन।

| निम्न घटनामा | सूचित गर्नुहोस् |
|---|---|
| विदेशबाट जापान आएर निवासी दर्ता गरेको बेला | राष्ट्रिय स्वास्थ्य बिमा पेन्सन विभाग राष्ट्रिय पेन्सन काउन्टर<br>जापान पेन्सन सेवा ओता पेन्सन कार्यालय |
| कार्यरत कम्पनी छोड्दा | राष्ट्रिय स्वास्थ्य बिमा पेन्सन विभाग राष्ट्रिय पेन्सन काउन्टर, शाखा कार्यालय(प१७), जापान पेन्सन सेवा ओता पेन्सन कार्यालय |
| आश्रित दम्पती भएमा ( नोकारी बीमा भएको ब्यक्तिको ) | दम्पतिको कार्यस्थल |
| आश्रित दम्पतिको स्ट्याटस हराएमा ( नोकारी बीमा भएको ब्यक्तिको ) | राष्ट्रिय स्वास्थ्य बिमा पेन्सन विभाग राष्ट्रिय पेन्सन काउन्टर, शाखा कार्यालय(प१७), जापान पेन्सन सेवा ओता पेन्सन कार्यालय |
| दम्पतिले कार्यस्थल परिवर्तन गरेमा | दम्पतिको कार्यस्थल |
| पेन्सन गाइड बुक वा आधारभूत पेन्सन नम्बर सूचना पत्र हराएको खण्डमा | पहिलो प्रकारको बिमित व्यक्ति ; राष्ट्रिय स्वास्थ्य बिमा पेन्सन विभाग राष्ट्रिय पेन्सन काउन्टर, शाखा कार्यालय(प१७), जापान पेन्सन सेवा ओता पेन्सन कार्यालय<br>दोस्रो प्रकारको बिमित व्यक्ति ; आफूले काम गर्ने कम्पनी<br>तेस्रो प्रकारको बिमित व्यक्ति ; जीवनसाथीले काम गरेको कम्पनी, जापान पेन्सन सेवा ओता पेन्सन कार्यालय |
| प्रिमियम भुक्तानी बारे जानकारी | जापान पेंशन सेवा ओता शहर पेंशन कार्यालय |

| | |
|---|---|
| बीमा प्रीमियम को छूट को लागी आवेदन | राष्ट्रिय स्वास्थ्य बिमा पेन्सन विभाग राष्ट्रिय पेन्सन काउन्टर<br>जापान पेन्सन सेवा ओता पेन्सन कार्यालय |
| विद्यार्थी भुक्तानी बहेक बिमा प्रीमियम लागी निवेदन गर्दा | राष्ट्रिय स्वास्थ्य बिमा पेन्सन विभाग राष्ट्रिय पेन्सन काउन्टर<br>जापान पेन्सन सेवा ओता पेन्सन कार्यालय |
| प्रसूति अघि र पछिको अन्तरालमा छुट पाउन निवेदन दिनको लागि | राष्ट्रिय स्वास्थ्य बिमा पेन्सन विभाग राष्ट्रिय पेन्सन काउन्टर<br>जापान पेन्सन सेवा ओता पेन्सन कार्यालय |
| जेष्ठ पेन्सनमा भर्ना हुने प्रकृयाहरु | राष्ट्रिय स्वास्थ्य बिमा पेन्सन विभाग राष्ट्रिय पेन्सन काउन्टर<br>जापान पेन्सन सेवा ओता पेन्सन कार्यालय |

※आवश्यक कागजातहरूको सन्दर्भमा कृपया सोध्नुहोस्।

## (२) आधारभुत पेन्सनका फाईदाहरु

【सोधपुछ】 जापान पेन्सन सेवा ओता पेन्सन कार्यालय राष्ट्रिय पेन्सन विभाग
☎03-3733-4141
राष्ट्रिय पेन्सन साखा, राष्ट्रिय स्वास्थ्य बीमा र राष्ट्रिय पेन्सन डिभिजन
☎03-5744-1214

राष्ट्रिय पेन्सन प्रीमियम कम्तीमा १० बर्ष सम्म बुझाएका ब्यक्तिले ६५ उमेर हद पार गरे पछि आधारभुत जेष्ठ पेन्सन प्राप्त गर्नेछन । साथ साथै असक्त भएमा र विदेशी को हकमा योग्य कभरेज अवधी नसक्किकन जापान छोड्ने विदेशीले पनि तल दिईएका अन्य पेन्सन हरूँ प्राप्त गर्न सक्ने छन
(उदाहरण तल दिईएका छन । )

○आधारभुत असक्त पेंशन
प्रीमियम तिरी रहेका राष्ट्रिय प्लान मा भर्ना भएका ब्यक्ती यदी बिरामी/चोट- पटक का कारणले असक्त भएमा आधारभुत असक्त पेन्सन पाउने छन ।

○आधारभुत शोकाकुल परिवार पेन्सन
राष्ट्रिय पेंशन प्लानको म्रितक सदस्यको दम्पती र बाल्बच्चाले यो पेन्सन प्राप्त गर्ने छन( म्रितक ले प्रीमियम बुझाईसकेको खन्डमा । )

○एकमुस्ट भुक्तानी फिर्ता
आधारभुत जेष्ठ पेंशन , असक्त पेन्सन वा शोकाकुल परिवार पेन्सन प्राप्त गर्न का लागि तोकिएको समय सम्म प्रीमियमा बुझाउनु पर्छ । प्रापक योग्यता समय पुरा नागरिकन आफ्नो देश फर्कने विदेशी वासिन्दाहरुले पनि छोटो-समयको एकमुस्ट भुक्तानी फिर्ता कार्यक्रम को लाभ उठाउन सक्ने छन । यदी कम्तिमा पनि ६ महिना सम्मा प्रीमियम बुझाएको छ भने उक्त ब्यक्तिले जापान छोडेको २ बर्ष भित्रमा अनुरोध गरेमा एकमुस्ट भुक्तानी दिईनेछ ।

## (३) राष्ट्रिय पेन्सन प्रीमियम

【सोधपुछ】 जापान पेंशन सेवा, ओता वार्ड पेन्सन कार्यालय, नेशनल पेन्सन डिभीजन
☎03-3733-4141

प्रत्येक आर्थिक बर्ष (अप्रिल देखी मार्चमा ) रकम परिवर्तन हुनेछ ।
※तलबको आधा रकम घटाएर कर्मचारीको आयमा आधारित भएर प्रीमियमको भुक्तानी

काम गर्ने कम्पनी को तर्फ़ बाट तिरिनेछ । बाकिको भुक्तानिका लागि रोजगारदाता स्वयम जिम्मेवार हुनेछन ।

(४) प्रीमियम भुक्तानीका तरीकाहरु:

【सोधपुछ】 जापान पेन्सन सेवा, ओता शहर पैंशन कार्यालय, नेशनल पेन्सन डिभीजन
☎03-3733-4141

नगरपालिका (ओता वार्ड)को वा पेन्सन कार्यालयको काउन्टरमा भर्ना प्रक्रिया गरेपछि आधारभूत पेन्सन नम्बर सूचना पत्र र पेन्सन शुल्क भुक्तानी बिल स्थानीय पेन्सन कार्यालयबाट पठाइनेछ। बिल लिएर तोकिएको म्याद सम्ममा नजिकैको वित्तीय संस्थामा (बैंक, सहकारी संघ, क्रेडिट संघ, कृषि सहकारी), हुलाक कार्यालयमा (युचो बैंक), कन्भिनिएन्स स्टोरमा वा स्मार्टफोन एपद्वारा भुक्तानी गर्नुहोस्।
खाताबाट कोष स्थानान्तरण गर्न वा क्रेडिट कार्डबाट तिर्न पनि सकिन्छ। तर वार्ड कार्यालय र शाखा कार्यालयमा(प१७) चाहिँ भुक्तानी सम्बन्धी कार्यहरु गर्न नसकिने भएकोले त्यसको लागि जापान पेन्सन सेवा ओता पेन्सन कार्यालयमा निवेदन दिनुहोस्।

(५) प्रीमियम भुक्तानीमा छुट :

【सोधपुछ】 राष्ट्रिय पेन्सन साखा, राष्ट्रिय स्वास्थ्य बीमा र राष्ट्रिय पेन्सन डिभिजन
☎03-5744-1214
जापान पेन्सन सेवा ओता वार्ड, पेन्सन कार्यालय राष्ट्रिय पेन्सन डिभीजन
☎03-3733-4141

आफू, आफ्नो जीवनसाथी, आफ्नो घर-परिवारको प्रमुख (सेताइनुसी) प्रत्येकको अघिल्लो वर्षको आय तोकिएको मापदण्ड भन्दा कम भएमा वा बेरोजगार जस्ता कारण बिमा शुल्क तिर्न गाह्रो भएको खण्डमा आवेदन दिएर स्वीकृति भए बिमा शुल्कको पूरै भाग वा केही अंश छुट पाउन सकिन्छ।
साथै, “विद्यार्थीको लागि भुक्तानी अपवाद प्रबन्ध”, “भुक्तानी विलम्ब प्रबन्ध”, “प्रसूति अघि र पछिको अन्तराल छुट दिने प्रबन्ध” पनि छन्।

(२) पैँशन कभरेज अवधीको कुल :

【सोधपुछ】 जापान पेन्सन सेवा ओता वार्ड, पेन्सन कार्यालय राष्ट्रिय पेन्सन डिभीजन
☎03-3733-4141
जापान पेन्सन सेवा

जापान सँग कुल सम्झौता भएका देशहरुको पेन्सन प्रणालीको लागि योग्य लागु समय छ भने तपाईं जापानी र विदेशी प्रणाली अन्तरगत कुल फाईदा प्राप्त गर्नका लागि योग्य हुनुहुनेछ ।
कृपया ध्यान दिनुहोला : एकमुस्ट रकम प्राप्त गरेपछी तपाईंको कुल कभरेज अवधी अन्य कुनै जापानिज फाईदा हरु लिना पाइने छैन । विस्त्रित जानकारीको लागि जापान पेन्सन सेवा को अधिकारिक वेबसाईट हेर्नुहोला ।

## ३ जेष्ठ नागरिकहरुको लागि मेडिकल बीमा कार्यक्रम :

७५ वर्ष वा सोभन्दा माथिका व्यक्तिले राष्ट्रिय स्वास्थ्य बिमाद्वारा नभई "उत्तरकाल जेष्ठ नागरिक चिकित्सा प्रणाली" मार्फत चिकित्सा सेवा पाउन सक्छन्।
६५ वर्षदेखि ७४ वर्षसम्मका व्यक्तिमध्ये तोकिएको मापदण्ड अनुसार केही अपांगता हुने व्यक्तिहरू राष्ट्रिय स्वास्थ्य बिमा छोडेर "उत्तरकाल जेष्ठ नागरिक चिकित्सा प्रणाली" मा भाग लिन पनि सक्छन्। उत्तरकाल जेष्ठ नागरिक चिकित्सा प्रणाली योग्यताको लागि इन्चार्जबाट परामर्श लिनुहोस्।
विदेशी नागरिकहरुका लागि उपलब्ध योग्यता र फाईदाहरुका बारेमा विस्त्रित जानकारीका लागि उपलब्ध योग्यता र फाईदाहरुका बारेमा विस्त्रित जानकारीका लागि कृपया डेस्क मा सोध्नु होला ।

【सोधपुछ】वृद्ध वरिष्ठ नागरिकहरूको लागि मेडिकल बीमा साखा, राष्ट्रिय स्वास्थ्य बीमा र राष्ट्रिय पेन्सन डिभिजन

(१) योग्यता र प्रीमियम हिसाब: ☎03-5744-1608

(२) फाईदाहरु: ☎03-5744-1254

- मेडिकल फिस महँगो भएमा
- अस्पतालमा भर्ना हुंदाको खाना
- लामो समय सम्म महंगो उपचार गराई रहनु परेमा

(३) पैसा तिर्ने तरिकाहरु: ☎03-5744-1647

७

